## रिलायवल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडको
## सातौं बार्षिक साधारण सभाको काम काम कारवाहीको विवरण
## माईन्यूट

मिति २०८०/१०/२९ गतेका दिन यस **"रिलायवल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड"** को सातौं बार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री उदय नेपाली श्रेष्ठज्यूको सभापतित्वमा देहायको बिषयमा छलफल भई निम्न अनुसारको निर्णय पारित भयो:

**सभाको मिति, समय र स्थान :-**

मिती :- २०८०/१०/२९ गते सोमवार तद् अनुसार १२ फरवरी २०२४

स्थान :- लिसरा व्यांकेट, ज्ञानेश्वर, काठमाडौं

समय :- बिहानको ११:०० बजे

**सभाको सूचना प्रकाशन :-**

यस कम्पनीको मिति २०८०/१०/०४ मा बसेको संचालक समितिको १२७ औं बैठकको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार बार्षिक साधारण सभा सम्बन्धी सूचना मिती २०८०/१०/०५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा र मिति २०८०/१०/२२ गतेको राजधानी राष्ट्रिय आर्थिक दैनिक पत्रिकामा सुचना प्रकाशित गरिएको र सो सूचनामा छलफल हुने बिषय, मिती, समय र स्थान समेत उल्लेख गरी तयार पारिएको कम्पनीको सातौं वार्षिक प्रतिवेदन, वित्तीय विवरणहरु सहित कम्पनीको वेभ साईट www.reliablelife.com.np मा राखिएको र शेयरधनीहरुको जानकारीको लागि मिति २०८०/१०/२४ गते कम्पनीमा उपलब्ध भएको नम्वरमा एसएमएस मार्फत समेत जानकारी गराइएको थियो । सभामा उपस्थितीको लागि नियमनकारी नियकायहरु श्री नेपाल बीमा प्राधिकरण, श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री धितोपत्र वोर्ड, श्री नेपाल स्टक एक्स्चेञ्ज लिमिटेड, लेखापरीक्षक श्री के.ए.एस. एशोसिएट्स, कानूनी सल्लाहकार श्री सुरेन्द्र वहादुर थापालाई पत्र मार्फत आमन्त्रण गरीएको थियो ।

**सभामा सञ्चालकहरुको उपस्थिति :-**

| क्र.सं. | नाम, थर | | |
|---|---|---|---|
| १. | श्री उदय नेपाली श्रेष्ठ | - | अध्यक्ष |
| २. | श्री अन्जु पाण्डे | - | सञ्चालक |

३. श्री इन्द्र प्रसाद शर्मा - सञ्चालक

४. श्री शरद चन्द्र पौडेल - सञ्चालक (अनुपस्थित)

५. श्री डा. प्रकाश भट्टराई - सञ्चालक

**पदाधिकारीहरु तथा आमन्त्रितहरु :**

१. श्री ललित कुमार थापा — प्रतिनिधि कम्पनी रजिष्टारको कार्यालय

३. अधिवक्ता श्री राजेन्द्र प्रसाद सेढाई — निर्वाचन अधिकृत

४. श्री नारायण वावु लोहनी — प्रमुख कार्यकारी अधिकृत

५. वरिष्ठ अधिवक्ता श्री सुरेन्द्र वहादुर थापा — कानूनी सल्लाहाकार

६. श्री दिपेश वावु तिवारी — वरिष्ठ सहायक महाप्रवन्धक

७. अधिवक्ता श्री नारायण हरि अधिकारी — कम्पनी सचिव

८. श्री युवराज शर्मा — व. प्रवन्धक

९. श्री कल्याण राज हल्वाई — व. प्रवन्धक

**शेयरधनीको उपस्थिती**

स्वयं उपस्थित ७४३ जनाबाट प्रतिनिधित्व भएको शेयर संख्या ६,७०२,७७१ (१६.७६ प्रतिशत)। प्रतिनिधी (प्रोक्सी) मार्फत उपस्थित २५६ जनावाट प्रतिनिधित्व भएको शेयर संख्या १५,२००,२४२।०० (३८ प्रतिशत)। कुल ५४.७६ प्रतिशतको उपस्थिति रहेको।

**सभाको गणपुरक संख्या**

| शेयर तथा शेयरधनी | जम्मा शेयर | स्वयं उपस्थित | प्रतिनिधि मार्फत | जम्मा उपस्थित | कूल प्रतिनिधी (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| शेयर | ४०,०००,००० | ६,७०२,७७१ | १५,२००,२४२ | २१,९०३,०१३ | ५४.७६ |
| शेयरधनी | ७०१,५६४।०० | ७४३ | २५६ | ९९९।०० | ०.१४ |

**सभाको बैधानिकताका सम्बन्धमा :-**

सभा संचालन गर्नका लागि कम्पनी ऐन, २०६३ को दफा ७३ (२) र कम्पनीको नियमावलीको नियम २३ बमोजिम गणपुरक संख्याको लागि कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये ७ जना शेयरवालाहरु स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थिति हुनुपर्ने प्रावधान अनुसार आजको सातौं बार्षिक साधारण सभामा माथि उल्लेखित

Reliable Nepal Life Insurance Ltd. Kathmandu

गणपुरक संख्याको तालिका अनुसार आवश्यक शेयरधनी संख्या र कुल लिन कबुल गरेको, जारी भएको शेयरको क्रमशः ९९९ जना र ५४.७६ प्रतिशतको प्रतिनिधित्व भएको हुँदा सातौं बार्षिक साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित ऐन, नियम, कानून बमोजिम सभा वैधानिक रहेको ब्यहोरा सभा समक्ष कम्पनी सचिवको तर्फवाट जानकारी गराइयो ।

**सभाको सभापतित्वः** सभाको बैधानिकता पुरा भए पश्चात कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र कम्पनीको नियामावलीको नियम १९ अनुसार यस कम्पनीका सन्चालक समितिका अध्यक्ष श्री उदय नेपाली श्रेष्ठज्यूलाई सातौं वार्षिक साधारण सभाको सभापतित्व गरीदिनुहुन सभा सन्चालकले आग्रह गर्नु भए पश्चात कम्पनीका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नु भयो ।

**सभाको उद्घाटन तथा सन्चालनः** सन्चालक समितिका अध्यक्षज्यूले कम्पनीको सातौं वार्षिक साधारण सभाको सभापतित्व ग्रहण गरेपश्चात कार्य तालिका अनुसार सभा सन्चालकको अनुरोधमा सभाको सभापतित्व गर्नु भएका अध्यक्षज्यूले कलात्मक पानसमा वत्ती वालेर सभाको उद्घाटन गर्नु भयो ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री नारायण वावु लोहनीले सभामा उपस्थित महानुभावहरुलाई स्वागत मन्तव्यसहित हालसम्मको कम्पनीको उपलब्धीहरु, चुनौति तथा भावी कार्यक्रमहरु वारेसभा समक्ष जानकारी गराउनु भयो ।

**सन्चालक समितिको वार्षिक प्रतिवेदनको प्रस्तुतीः** सभाको काम कारवाहिलाई अगाडी वढाउने क्रममा सभाका सभापतिज्यूले आफ्नो मन्तव्यसहित सन्चालक समितिको सातौं वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

सभाका सभापतिज्यूले सन्चालक समितिको सातौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको यस कम्पनी तथा सहायक कम्पनी रिलायवल इन्भेष्टमेन्ट एण्ड मर्चेण्ट क्यापिटल लि. सहितको एकिकृत २०८० आषाढ मसान्तको वासलात, आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब, नगद प्रवाहको विवरण तथा अनुसूचीहरु लगायतका अन्य वित्तीय विवरणहरु माथि छलफल गरी पारित गर्नका लागि आ-आफ्नो विचार, जिज्ञासा, मन्तव्य, सुझाव, एवं प्रश्न राख्न तथा छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरुलाई आव्हान गर्नु भयो ।

**छलफलमा सहभागी हुनु हुने शेयधनी महानुभावहरुको र बहाँहरुका जिज्ञासा तथा सुझावहरु माग गर्दा देहाय वमोजिमा शेयरधनीहरुले तपशिल वमोजिमका जिज्ञासा तथा सुझावहरु सभा समक्ष राख्नु भयो ।**

Reliable Nepal Life Insurance Ltd. Kathmandu

(१) **श्री गुणराज भट्ट:** सर्वसाधारण शेयरधनीहरुले लगानी गरेको छोटो समयमा प्रतिफल दिन सकेकोमा धन्यवाद, नपुग चुक्ता पुँजी कसरी पुऱ्याउने, कर्मचारीहरुलाई समयानुकुल क्षमता अभिवृद्धिको लागि तालिमको व्यवस्था गर्नु पर्ने जस्ता सुझाव दिनु भयो ।

(२) **श्री उत्तम दत्त पाण्डे:** अर्थ व्यवस्थाका विविध चुनौतिहरुका वीच कम्पनीले गरेको उपलव्धी तथा प्रतिफलको लागि धन्यवाद दिंदै, लगानीलाई विविधिकरण गर्नु पर्ने र संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगतका खर्चहरुको विस्तृत विवरण वार्षिक प्रतिवेदन उल्लेख गर्न पर्ने सुझाव दिनु भयो ।

(३) **श्री शत्रुघन श्रेष्ठ:** सर्वसाधारणमा शेयर जारी गरेको छोटो अवधिमा प्रतिफल प्रदान गर्न सफल भएकोमा धन्यवाद दिंदै निरन्तर प्रतिफलको अपेक्षा गर्दै कम्पनीलाई नं. १ वनाउन सुझाव दिनु भयो ।

(४) **श्री ब्रम्ह देव शाक्य:** लगानी विविधिकरणको क्रममा सहायक कम्पनी स्थापना गर्नु राम्रो भएको, अर्थतन्त्रका सूचकहरुमा सुधार देखिदै गएको हुँदा आगामि दिनहरुमा व्यवसायमा वृद्धि हुने अपेक्षा गर्नुका साथै संस्थागत सुशासन अन्तर्गत बीमा सचेतना कार्यक्रमहरु संचालन गर्नको लागि सुझाव दिनु भयो । सम्पूर्ण शेयरधनीहरुलाई यसै कम्पनीमा बीमा गर्नको लागि अनुरोध गर्नु भयो ।

(५) **श्री चन्द्र नारायण श्रेष्ठ:** हामि सवैले नयाँ कम्पनीलाई मायाँ गर्नु पर्ने लेखापरीक्षण भएको र अपरिस्कृत वित्तीय विवरणमा फरक हुन नहुने जस्ता सुझावहरु दिनु भयो ।

(६) **श्री सुदिप श्रेष्ठ:** अभिकर्ता तथा एजेन्सी म्यानेजर सम्वन्धि नीतिहरु वनाउन तथा सरेन्डरको अनुपात घटाउन सुझाव दिनु भयो ।

(७) **श्री गोगन बहादुर पराजुली:** बीमालेख जारी गर्दा जोखिमांकनमा ध्यान दिन, लगानी विविधिकरण गर्न, Risk Based Investment तथा बीमा लेख सम्वन्धि नीतिहरु वनाउनु पर्ने, हकप्रद नभई वोनस शेयर जारी गरी नपुग पुँजी पुऱ्याउन र आगामि दिनहरुमा समेत निरन्तर दोहोरो अंकमा प्रतिफल प्रदान गर्ने गरी कार्य गर्न सुझाव दिनु भयो ।

(८) **श्री इन्द्र प्रसाद लामिछाने:** शेयरधनीहरुले साधारण सभामा मात्र नभई संचालक तथा व्यवस्थापकहरुलाई जहिले पनि सुझाव दिन पाउनु पर्ने र त्यस्तो सुझावहरु नमानेमा सम्वन्धित नियामक निकायहरुमा समेत जान सकिने वताउनु भयो ।

(९) **श्री निरुपमा गुप्ता:** प्रति शेयर किताबि मुल्य वढाउने गरी कार्य गर्न, नपुग चुक्ता पूँजी पुरा गर्ने क्रममा: हकप्रद शेयर जारी गर्न, खर्चमा मितव्यीता अपनाउन, लगानीमा विविधिकरण गर्न सुझाव दिंदै, कम्पनीको Tag Line राम्रो भएको तथा संस्थागत सुशासन सम्वन्धि विवरणहरु वार्षिक प्रतिवेदनमा राख्न सुझाव दिनु भयो ।

(१०) **श्री बैजु नाथ रौनियार:** Regulatory Comment मा सुधार गर्न सुझाव दिनु भयो ।

(११) श्री अमिर दास रंजित: वित्तीय विवरण नेपाली भाषा वुझ्ने गरी तयार गर्न र सभाहलमा केहि व्यवस्थापकिय कमजोरीहरु देखिएको हुँदा त्यसमा सुधार गर्न सुझाव दिनु भयो ।

Reliable Nepal Life Insurance Ltd. Kathmandu

(१२) **श्री लक्ष्मी प्रकाश सैंजु:** सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्नु हुने संचालकज्यूले Minority को Interest Protect गर्नु पर्ने, लगानीमा विविधिकरण सहित जोखिम न्यूनीकरण गरी कार्य गर्नु पर्ने जस्ता सुझावहरु दिनु भयो ।

(१३) **श्री इन्द्र कृष्ण श्रेष्ठ:** साधारण सभामा व्यवस्थापकिय कमजोरीहरु देखिएको हुँदा अगामि दिनमा त्यसमा सुधार गर्नु पर्ने, संचालक समितिको बैठक वर्षमा कति पटक वस्यो उल्लेख गर्नु पर्ने, वार्षिक प्रतिवेदनलाई त्रुटी रहित वनाउनु पर्ने जस्ता सुझावहरु राख्नु भयो ।

(१४) **श्री उत्तम पाठक:** वार्षिक साधारण सभामा मन्तव्य राख्दा शेयरधनीहरुले वार्षिक प्रतिवेदनको अध्ययन गरी त्यसमा स्पष्ट उल्लेख भएका कुराहरु वारेमा जिज्ञासा राख्न आवश्यक नभएको, वार्षिक साधारण सभा कम्पनी ऐनले तोकेकै अवधि भित्र सम्पन्न गर्नु पर्ने, Risk Based Capital लागु गर्नु पर्ने, संघिय संसदको सार्वजनिक लेख समितिको बीमा लेख सरेण्डर सम्वन्धि निर्देशन सम्वन्धमा सम्वन्धित समिति समक्ष यथार्थ कुराहरु वुझाउनु पर्ने अन्यथा जीवन बीमा कम्पनीहरु टाट पल्टन सक्ने, कम्पनीको वजार हिस्सा वृद्धि गर्नु पर्ने जस्ता सुझावहरु दिनु भयो ।

**तत् पश्चात शेयरधनीहरुले राख्नु भएको जिज्ञासाहरुको जवाफ सभाध्यक्ष तथा वहाँको अनुमतिले प्रमुख कार्यकारी अधिकृतज्यूले तपशिल वमोजिम दिनुभयो ।**

सम्पूर्ण स्टेक होल्डरहरुको सहयोगको कारणवाट कम्पनी यो स्थानमा रहेको र आगामि दिनहरुमा यस्तो सहयोगहरु निरन्तर रहेमा कम्पनीले अझ वढी प्रगति गरी निरन्तर प्रतिफल प्रदान गर्ने, लगानीमा विविधिकरण गर्दै जाने र जोखिमको राम्ररी विश्लेषण गरेर मात्र लगानी गरीने, तोकिएको समय भित्र वार्षिक साधारण गर्ने, जोखिम व्यवस्थापनको लागि छुट्टै विभाग गठन गरी कार्य गरी सकिएको र कर्मचारीहरुलाई आवश्यक तालिम प्रदान गर्दै गइएकोमा यसलाई निरन्तरता दिइनेछ । नियमनकारी निकायहरुले दिएका निर्देशन तथा कैफियतहरुमा क्रमशः सुधार गर्दै गएका छौं । वीमा सचेतना सम्वन्धि कार्यहरु गर्दै जानेछौं । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गगत भए गरेका कार्यहरुलाई थप विस्तृत रुपमा उल्लेख गरीनेछ ।

**जिज्ञासाहरुको जवाफ पश्चात सभा समक्ष देहाय वमोजिम निर्धारीत प्रस्तावहरु निर्णयार्थ पेश गरीएको ।**

**<u>प्रस्ताव तथा निर्णयहरु</u>**

**(१) सामान्य प्रस्तावहरु :-**

**(क) संचालक समितिको सातौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने ।**

Reliable Nepal Life Insurance Ltd. Kathmandu

अध्यक्षज्यूको मन्तव्यसहित सञ्चालक समितिको सातौं वार्षिक प्रतिवेदन २०७९/८० पारित गरियोस् भनी सभापतिज्यूवाट प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरुवाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**(ख) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्त सम्मको Statement of Financial Position, Statement of Cash Flow, Statement of Change in Equity २०७९ श्रावण १ गतेवाट २०८० आषाढ मसान्त सम्मको Nepal Financial Reporting Standard (NFRS) अनुसारको Statement of Profit or Loss, Consolidated Statement of Other Comprehensive Income, Statement of Distributable Profit or Loss तथा संलग्न अनुसुचिहरु उपर छलफल गरी पारीत गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितका अनुसूचीहरु (NFRS अनुसारको वित्तीय विवरणहरु समेत) पारित गरियोस भनी सभापतिज्यूवाट प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरुवाट उक्त प्रस्ताब सर्वसम्मतीवाट पारित गरियो ।

**(ग) यस कम्पनीको सहायक कम्पनी रिलायवल इन्भेष्टमेन्ट एण्ड मर्चेण्ट क्यापिटल लिमिटेडको आ.व. २०७९/०८० को वित्तीय विवरणहरु सहितको एकिकृत वित्तीय विवरण छलफल गरी पारित गर्ने ।**

यस कम्पनीको सहायक कम्पनी रिलायवल इन्भेष्टमेन्ट एण्ड मर्चेण्ट क्यापिटल लिमिटेडको आ.व. २०७९/०८० को वित्तीय विवरणहरु सहितको एकिकृत वित्तीय विवरणहरु पारित गरियोस भनी सभापतिज्यूवाट प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरुवाट उक्त प्रस्ताब सर्वसम्मतीवाट पारित गरियो ।

**घ) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८०/८१ को लागि लेखापरीक्षण समितिवाट सिफारीस गरिएका लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (हालका लेखापरीक्षक श्री के.ए.एस. एशोसिएट्स पुनः नियूक्तिको लागि योग्य हुनुहुन्न) ।**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८०/८१ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल गर्दा हालका लेखापरीक्षक के.ए.एस. एशोसिएट्स लगातार ३ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गरी सक्नु भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा १११(३) तथा बीमा ऐन २०७९ को परिच्छेद- १०, दफा ८६ (ज) वमोजिम पुनः नियूक्तीको लागि योग्य नहुनु भएको हुँदा लेखापरीक्षण समितिको मिति २०८०/१०/०२ को बैठकले कम्पनि ऐन, २०६३ को दफा १६५ (घ) को व्यवस्था अनुसार श्री सुजन काफ्ले एण्ड एसोसिएटस, चार्टडएकाउन्टेन्ट्लाई देहाय वमोजिमका कार्यहरु गर्ने गरी पारिश्रमीक रु. ३००,०००/- (तीन लाख

Reliable Nepal Life Insurance Ltd. Kathmandu

मात्र) प्रदान गर्ने साथै लेखापरीक्षण गर्दा सृजित वास्तबीक दायित्व सोधभर्ना गर्ने गरी, कम्पनीको आ.ब. २०८०/८१ को लेखापरीक्षकमा नियुक्ति गर्ने प्रस्ताव सम्वन्धमा छलफल भई सर्वसम्मत रुपमा उपर्युक्त बमोजिम नियूक्त गर्ने निर्णय गरियो ।

<u>लेखापरीक्षकले सम्पन्न गर्नु पर्ने कार्यहरुः</u>

(१) सहायक कम्पनी सहितको एकिकृत वित्तीय विवरण सहित आ.व. २०८०/०८१ को लेखापरीक्षण तथा वित्तीय विवरणहरु प्रमाणित,
(२) लङ्ग फर्म अडिट रिपोर्ट,
(३) कर लेखापरीक्षण,
(४) कम्पनी ऐन, २०६३ को दफा ७८ को विवरण प्रमाणित ।

(ङ) **कम्पनीको आ.व. २०७९/८० सम्मको वितरण योग्य मुनाफाबाट हाल कायम रहेको चुक्ता पुँजी रु. ४ अर्वको ०.८४ प्रतिशतले हुने रकम विशेष प्रस्तावमा प्रस्ताव गरीए बमोजिमको वोनस शेयर जारी गर्दा लाग्ने लाभांश कर प्रयोजनको लागि स्वीकृत गर्ने ।**

कम्पनीको आ.व. २०७९/८० सम्मको वितरण योग्य मुनाफाबाट हाल कायम रहेको चुक्ता पुँजी रु. ४ अर्वको ०.८४ प्रतिशतले हुने रकम विशेष प्रस्तावमा प्रस्ताव गरीए बमोजिम १६ प्रतिशत वोनस शेयर जारी गर्दा लाग्ने लाभांश कर प्रयोजनको लागि स्वीकृत गर्ने प्रस्ताव सर्वसम्मतिवाट पारीत गरीयो ।

(च) **बीमकको संस्थागत सुशासन सम्वन्धि निर्देशिका, २०७५ को दफा १४(५) वमोजिम उप समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरुको भत्ता अनुमोदन गर्ने सम्वन्धमा ।**

बीमकको संस्थागत सुशासन सम्वन्धि निर्देशिका, २०७५ को दफा १४(५) वमोजिम उप समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरुको भत्ता अनुमोदन गर्ने सम्वन्धमा सञ्चालक समितिवाट भएको निर्णय सर्वसम्मत रुपमा अनुमोदन गरीयो ।

(छ) **सर्वसाधारण शेयरधनीहरुको तर्फवाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ जना सञ्चालकको निर्वाचन गर्ने ।**

कम्पनीको नियमावलीको नियम २७ (१) (ख) बमोजिम सर्वसाधारण शेयरधनीहरुको तर्फवाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ जना सञ्चालकको निर्वाचन गर्ने प्रयोजनको लागि मिति २०८०/१०/१७ मा प्रकाशित निर्वाचन कार्यतालिका अनुसार देहाय वमोजिमका २ जना सर्वसाधारण शेयधनीहरुको मात्र मनोनयन पर्न आएको, पर्न आएको मनोनयन उपर कुनै दावि विरोध नपरेको, मनोनयन कर्ताहरुले पनि आफ्नो मनोनयन फिर्ता नलिनु भएको र मनोनयन रितपूर्वकको भएको हुँदा तपशिलमा उल्लेखित शेयरधनीहरु निर्विरोध निर्वाचित हुनु भएको ब्यहोरा निर्वाचन अधिकृत श्री राजेन्द्र प्रसाद सेढाईज्यूले सभा समक्ष घोषण गर्नु भयो र

Reliable Nepal Life Insurance Ltd. Kathmandu

नव निर्वाचित सञ्चालकज्यूहरुलाई हार्दिक वधाइका साथ सफल कार्यकालको शुभकामना समेत दिनु भयो ।

(ख) **विशेष प्रस्ताव**

(क) **संचालक समितिले प्रस्ताव गरे वमोजिम हाल कायम रहेको चुक्ता पुँजी रु. ४ अर्वको १६ प्रतिशतले हुने वोनस शेयर जारी गर्ने प्रस्ताव पारीत गर्ने ।**

संचालक समितिले प्रस्ताव गरे वमोजिम हाल कायम रहेको चुक्ता पुँजी रु. ४ अर्वको १६ प्रतिशतले हुने वोनस शेयर जारी गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारीत गरीयो ।

(ख) **वोनस शेयर जारी पश्चात कम्पनीको चुक्ता पुँजी रु. ४ अर्व ६४ करोड पुग्ने हुँदा सोही बमोजिम कम्पनीको प्रवन्धपत्रको दफा ६ (ख) मा भएको तत्कालिन चुक्ता पुँजी सम्बन्धी व्यवस्था संशोधन गर्ने सम्वन्धी प्रस्ताव पारीत गर्ने ।**

वोनस शेयर जारी पश्चात कम्पनीको चुत्ता पुँजी रु. ४ अर्व ६४ करोड पुग्ने हुँदा कम्पनीको प्रवन्धपत्रको दफा ६ (ख) लाई देहाय वमोजिम संशोधन गर्ने विशेष प्रस्ताव सर्वसम्मतीले पारीत गरीयो ।

**देहायः**

६. (ख) कम्पनीले तत्काल जारी गर्ने पूंजी रु.४,६४,००,००,०००।- (चार अर्व चौंसठ्ठि करोड रुपैया) हुनेछ । सो पुंजी लाइ प्रति शेयर रु. १०० दरका ४,६४,००,००० साधारण शेयरमा बिभाजन गरिएको छ ।

(ग) **संशोधित प्रवन्धपत्र अभिलेख गर्ने क्रममाः नियमनकारी निकायहरुवाट कुनै फेरवदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार गर्नको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

संशोधित प्रवन्धपत्र अभिलेख गर्ने क्रममा नियमनकारी निकायहरुवाट कुनै फेरवदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार गर्नको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारीत गरीयो ।

सभामा छलफल गर्नु पर्ने अन्य विषयहरु नभएको व्यहोरा सभाको सभापतित्व गर्नु हुने सञ्चालक समितिका अध्यक्षज्यूले सभालाई जानकारी गराउनु भयो ।

Reliable Nepal Life Insurance Ltd. Kathmandu

## धन्यवाद ज्ञापन तथा सभाको विसर्जन

अन्त्यमा, सभाको अध्यक्षता गर्नु भएका सञ्चालक समितिका अध्यक्ष श्री उदय नेपाली श्रेष्ठज्यूले कम्पनीको श्रीवृद्धिमा सहयोग गर्नु हुने नियमनकारी निकायहरु, अभिकर्ताहरु, पत्रकारमित्रहरु, शेयरधनी साथीहरु, कर्मचारी वर्ग, अन्य शुभेच्छुक तथा यस सभालाई स्थान उपलब्ध गराई सभालाई सफल बनाउन सहयोग गरी दिनु हुने लिसरा व्यांकेट व्यवस्थापन लगायत सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै सभा दिनको १.३० वजे समापन भएको घोषणा गर्नु भयो ।

नारायण हरि अधिकारी
कम्पनी सचिव

Reliable Nepal Life Insurance Ltd. Kathmandu

उदय नेपाली श्रेष्ठ
अध्यक्ष
संचालक समिति